# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
(नेपाल सरकारको स्वामित्व भएको)
# CDS and Clearing Limited
(An Undertaking of Government of Nepal)

## ***Global Money Week 2026, 16 to 22 March***

## प्रेस विज्ञप्ति

"***Smart Money Talks***" भन्ने नाराका साथ **Global Money Week (GMW) 2026** को अवसरमा नेपाल धितोपत्र बोर्डको संयोजकत्व नेप्से, मर्चेन्ट बैंकर, SBAN, ICRA Rating सिडिएस एण्ड क्लियरिङ्ग लि.(सिडिएससि) लगायत सम्पुर्ण बजार सहभागीहरुको सहकार्यमा मिति २०८२ चैत्र २ देखि ८ गते सम्म युवा तथा विद्यार्थीहरुलाई लक्षित गरि देशको विभिन स्थानमा देहाय बमोजिम वित्तीय साक्षरता तथा सचेतना मुलक कार्यक्रमहरु गरियो । कार्यक्रममा सहभागीहरुलाई *GMW 2026* का साथै पुँजी बजार, मुद्रा बजार र सिडिएससिले प्रदान गर्ने सेवाहरु बारे जानकारी दिईयो ।

**पहिलो दिन** मिति २०८२/१२/०२ गते सिडिएससिको वेभसाईट (www.cdsc.com.np) मा धितोपत्र कारोबार सम्बन्धमा लगानीकर्ताले ध्यान दिनु पर्ने कुराहरु प्रकाशन गरियो । यसैगरी सांग्रिला अर्फानेज हाउसका विद्यार्थीलाई ग्राह्यता दिई संग्रिला इन्टरनेशनल स्कुल, चापाँगाउँ, ललितपुरमा वित्तीय साक्षरता कार्यक्रम संचालन गरियो । उक्त कार्यक्रममा सिडिएससिका प्रबन्ध संचालक/कार्यकारी प्रमुख प्रविन पन्दाकले अध्यक्षता गर्नु भएको थियो भने सांग्रिला इन्टरनेशन स्कुलका प्रधानाध्यापक श्री दिपक महर्जन प्रमुख अतिथिको रुपमा, सोही स्कुलका उप प्रधानाध्यापिका शोभा महर्जन, SSP Project Head सुरज अर्याल विशेष अतिथि रहनु भएको उक्त कार्यक्रममा कक्षा ९ मा अध्यायनरत विद्यार्थी सहित ५० जना भन्दा बढीको सहभागिता रहेको थियो ।

**दोस्रो दिन** २०८२/१२/०३ गते **Global Money Week (GWM) 2026** को अवसरमा पुँजी बजारमा लगानीकर्ताको सचेतना साथै युवा पुस्ता तथा विद्यार्थी लक्षित साक्षरता तथा सचेतना मुलक कार्यक्रम विज्ञ राखेर Visual Interview गरिएको ।

**तेस्रो दिन** मिति २०८२/१२/०४ गते नेपाल ल क्याम्पस, रत्न राज्यलक्ष्मी क्याम्पस, पाटन बहुमुखी क्याम्पस, शंकर देव क्याम्पस, पद्मम कन्या बहुमुखी क्याम्पस र नेपाल कमर्श क्याम्पसका विद्यार्थीहरुको सहभागितामा होटल हिमालय, कुपन्डोल, ललितपुरमा वित्तीय साक्षरता कार्यक्रम संचालन गरियो । उक्त कार्यक्रममा सिडिएससिका प्रबन्ध संचालक/कार्यकारी प्रमुख प्रविन पन्दाकले अध्यक्षता गर्नु भएको थियो भने नेपाल धितोपत्र बोर्डका कार्यकारी निर्देशक डा. नवराज अधिकारी प्रमुख अतिथिको रुपमा रहनु भएको थियो । नबिल बैंक लि. का प्रमुख कार्यकारी अधिकृत श्री मनोज कुमार ज्ञवाली विशेष अतिथिको रुपमा रहनु भएको उक्त कार्यक्रममा विभिन्न सरकारी कलेजका विद्यार्थी सहित ७० जना भन्दा बढीको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा ज्ञवालीले पूँजी बजार र मुद्रा बजारका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा विद्यार्थीहरुका जिज्ञासाहरुको नेपाल धितोपत्र बोर्डका कार्यकारी निर्देशक डा.नवराज अधिकारी, सिडिएससिका प्रबन्ध संचालक/कार्यकारी प्रमुख प्रविन पन्दाक र नबिल बैंक लि. का प्रमुख कार्यकारी अधिकृत श्री मनोज कुमार ज्ञवालीज्यूले आ-आफ्नो तर्फबाट जवाफ दिनु भएको थियो ।

**चौथो दिन** मिति २०८२ चैत ५ गते इस्लिङ्टन कलेजका विद्यार्थीहरु सिडिएससिको कार्यालय, पुतलीसडक, काठमाडौंमा CDSC Office Visit Program सहभागी भएको थियो । उक्त कार्यक्रममा विद्यार्थीहरु सहित १६ जना भन्दा बढीको सहभागिता रहेको थियो । सहभागी विद्यार्थीहरुलाई *GMW2026* का साथै पुँजी बजार,

धितोपत्र हस्तान्तरण, भारित औषत लागत गणना (WACC) तथा Short-term, Long-term CGT, EDIS Mero Share, CASBA साथै केन्द्रीकृत विद्युतीय ग्राहक पहिचान (CKYC) सम्बन्धी जानकारी दिईयो ।

**पाचौ दिन** मिति २०८२/१२/०६ गते नेपाल धितोपत्र बोर्डको संयोजकत्व तथा सिडिएससि लगायत सम्पुर्ण बजार सहभागीहरुको सहकार्यमा नेपाल टुरिजम एण्ड होटल म्यानेजमेन्ट कलेज (NTHMC) को आयोजनामा "National Level Capital Market Quiz 2026" प्रतियोगिता पहिलो दिन उद्घाटन र अन्तर्क्रियात्मक कार्यक्रम भयो । उक्त दिन "The eco-system of Nepalese capital markets: Analyzing the gap between academia and the real world." बिषयमा Panel Discussion भयो । सिडिएससिका तर्फबाट उप-प्रबन्धक योगराज जोशीले नेपालको पुँजी बजारको डिजिटल संरचना, नेपालको पुँजी बजारमा सिडिएससिको भूमिका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । सिडिएससिका सुविधा, प्राविधिक पक्षहरु र शेयर बजारको 'T+2' राफसाफ चक्र (Settlement Cycle) बारे जानकारी दिइयो । उक्त कार्यक्रममा राफसाफका क्रममा पर्न सक्ने जोखिम र सतर्कता बारे सचेत गराउनुका साथै विद्यार्थीहरूलाई केवल Saver मात्र नभई प्रविधिको सही प्रयोग गर्ने Smart Investor बन्न, आफ्नो डिम्याट खाता व्यवस्थापन, बैंक विवरण अद्यावधिक गर्नु पर्ने समेत जानकारी दिईयो ।

**छैटौं दिन** मिति २०८२/१२/०७ गते नेपाल धितोपत्र बोर्डको संयोजकत्व तथा सिडिएससि लगायत सम्पुर्ण बजार सहभागीहरुको सहकार्यमा नेपाल टुरिजम एण्ड होटल म्यानेजमेन्ट कलेज (NTHMC) द्वारा आयोजित "National Level Capital Market Quiz 2026" मा देशभरका सातै प्रदेशका ३५ भन्दा बढी कलेजका टोलीहरूको सहभागीता रहेको थियो । नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड लगायत विभिन्न बजार सहभागीहरुका प्रतिनिधिहरूको उपस्थिति रहेको उक्त प्रतियोगितामा सहभागी मध्ये त्रिवेणी इन्टरनेशनल कलेज Second Runner-Up, प्रेसिडेन्सी कलेज अफ मेनेजमेन्टले First Runner-Up हुन भएको थियो भने पृथ्वी नारायण क्याम्पस पोखरा प्रथम स्थान प्राप्त गर्न सफल भएको थियो । बिजेता टिमलाई नगद तथा सम्मान पत्र साथ पुरस्कृत गरियो ।

**सातौं दिन** २०८२/१२/०८ गते ***"Smart Money Talks"*** भन्ने नाराका साथ **Global Money Week (GMW) 2026** को साता व्यापी कार्यक्रम विवरण साथै सिडिएससिको वेभसाईट (www.cdsc.com.np) मार्फत वित्तीय साक्षरता तथा सचेतना मुलक सामाग्रीहरु प्रकाशन गरी सम्पन्न भयो । यस्ता कार्यक्रमले आगामी दिनमा युवा पुस्ता तथा लगानीकर्तामा थप वित्तीय साक्षरता तथा सचेतना बृद्धि गरी पुँजी बजारको विकास र विस्तार हुनुका साथै देशको आर्थिक विकासमा सहयोग पुग्ने विश्वास लिइएको छ